## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

चौरजहारी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ५ | संख्या : १५ | मिति : २०७८/०७/३०

**भाग-२**

**चौरजहारी नगरपालिका**

## शववाहन सेवा सञ्चालन निर्देशिका, २०७८

**प्रमाणित मिति :- २०७८/०७/३०**

**प्रस्तावना :** चौरजहारी नगरपालिका, रुकुम (पश्चिम) जिल्ला भित्रका बासिन्दाहरुलाई पारिवारिक सदस्यको मृत्यु हुँदा शवलाई अन्तिम संस्कार स्थलसम्म पुऱ्याउनका लागि शववाहन सेवा सञ्चालनलाई सरल भरपर्दो र व्यवस्थित गर्न तथा सेवामा जनताका पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी चौरजहारी नगरपालिकाले देहायको निर्देशिका जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो निर्देशिकाको नाम शववाहन सेवा सञ्चालन निर्देशिका, २०७६ रहेको छ ।

(ख) यो निर्देशिका नगर कार्यापालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(क) शववाहन भन्नाले मृतकलाई लाने तथा ल्याउन स्वीकृत प्राप्त गरेको वाहन सम्झनुपर्छ र सो शब्दले शववाहनमा जडित उपकरण चालक समेतलाई जनाउँछ ।

(ख) चालक भन्नाले शववाहन चलाउने चालक सम्झनुपर्दछ ।

(ग) नगरपालिका भन्नाले चौरजहारी नगरपालिका सम्झनुपर्दछ ।

(घ) सेवाशुल्क भन्नाले शववाहन प्रयोग गरे वापत सेवाग्राहीले बुझाउनु पर्नेगरी समितिले तोकेको शुल्क सम्झनुपर्दछ ।

चौरजहारी नगरपालिका

(ङ) समिति भन्नाले दफा ३ बमोजिम गठित शववाहन सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनुपर्दछ ।

(च) सेवा भन्नालर् शववाहनले दिने सम्पूर्ण सेवा सम्झनुपर्दछ ।

**३. शववाहन सेवा व्यवस्थापन तथा अनुगमन समिति :**

(१) शववाहन सेवा सञ्चालन व्यवस्थापन अनुगमन तथा रेखदेख गर्न देहायका पदाधिकारीहरु रहेको एक नगर शववाहन सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

(क) नगर प्रमुख - संयोजक

(ख) उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) नगर कार्यपालिकाले तोकेको २ जना वडा अध्यक्ष सहित १ जना कार्यपालिका सदस्य - सदस्य

(ङ) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नका लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**४. समितिको काम, कर्तव्य र अधिकार :**

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) शववाहन सेवा सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने । यस निर्देशिका अनुसारको आचार संहिता पालना नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने ।

(ग) शववाहन सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

(घ) शववाहनको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने ।

(ङ) चालकले अनुसूची बमोजिम सेवा शुल्क लिई बैंक कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

(२) समितिको सदस्य सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक वर्षको आषाढ मसान्तमा नगर कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

**५. सेवा शुल्क सम्बन्धी व्यवस्था :-**

(१) शववाहन सेवा प्रयोग गरेवापत सम्बन्धित सेवाग्राहीले अनुसूची १ मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनुपर्नेछ ।

भौरहवा नगरपालिका

(२) शववाहन सेवा वापत उठेको रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने छ ।

(३) सेवा शुल्क वापत लिइने रकमको असुलीका लागि नगरपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख नियन्त्रण खाता नगरपालिकामा राखिनेछ ।

(४) सेवा दिए वापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ ।

(५) शववाहन सञ्चालनबाट प्राप्त रकम नगकार्यपालिकाले स्वीकृत गरेको वार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाइनेछ । त्यस्तो रकम सामान्य तया चालकको तलब, भत्ता, इन्धन, शववाहनको मर्मत सम्भार र शववाहनमा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ ।

**६. चालकको नियुक्ति र सेवा सुविधा**

(१) शववाहन सेवा सञ्चालनका लागि नगर कार्यपालिकाले एक जना योग्यता पुगेको चालक सेवा करारमा नियुक्ति गर्नेछ ।

(२) चालकको सेवा सुविधा दफा (३) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) चालकको रु. २ लाख सम्मको दुर्घटना बीमा गरिनेछ । बीमाको प्रिमियम बावपतको रकम यसै निर्देशिका बमीजिमको काषबाट व्यहोरिनेछ ।

(४) चालकले पालना गर्नुपर्ने आचारसंहिता अनुसूची २ बमोजिम हुनेछ ।

**७. शववाहन रहने स्थान सोको मर्मत सम्भार**

(१) शववाहन चौरजहारी नगरपालिकामा रहनेछ ।

(२) शववाहनको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ ।

**८. विविध**

(१) यस निर्देशिकामा आवश्यकता अनुसार संशोधन र हेरफेर समितिको सिफारिसमा नगर कार्यपालिकाले गर्न सक्नेछ ।

अनुसूची १

**निर्देशिकाको दफा ५ सँग सम्बन्धित सेवाशुल्क सम्बन्धी दररेट**

| सि.नं. | देखि | सम्म | दररेट (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | चौरजहारी नगरपालिका | चौरजहारी नगरपालिका | १० कि.मि. सम्म रु. ५००।०० | |
| २ | चौरजहारी नगरपालिका | चौरजहारी नगरपालिका | १० कि.मि.भन्दा माथी रु. ७००।०० | |

चौरजहारी नगरपालिका

| | | | | |
|---|---|---|---|---|
| ३ | चौरजहारी नगरपालिका | जिल्लाका अन्य गा.पा./न.पा. | प्रति कि.मि. रु. ३०/०० | |
| ४ | चौरजहारी नगरपालिका | देशका अन्य स्थानहरु | प्रति कि.मि. रु. ४०/०० | |

- दुरीको हकमा गन्तव्य स्थान नै मान्य हुनेछ ।
- शववाहनमा लाग्ने ईन्धन खर्च प्रयोगकर्ताले नै व्यहोर्नुपर्नेछ । प्रति ७ किलोमिटर बराबर १ लिटरका दरले लाग्नेछ ।
- बाटोमा लाग्ने करहरु प्रयोगकर्ताले नै व्यहोर्नुपर्नेछ ।
- शववाहनको तोकिएको सेवा शुल्क र माग फारम भरी बिरामी लैजानु अगावै कार्यालयमा बुझाउनुपर्नेछ ।

चौरजहारी नगरपालिका

अनुसूची २

निर्देशिकाको दफा ६ को उपदफा ३ सँग सम्बन्धित

शववाहन चालकले पालना गर्नुपर्ने आचारसंहिता

१. शववाहन सञ्चालन निर्देशिका २०७८ लाई पुर्णत पालना गर्नुपर्ने

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वासनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादा खलल पुग्ने कुनै काम गर्न नहुने ।

३. मादक पदार्थ सेवन गरी शववाहन चलाउन नहुने ।

४. शवको सवारी चलाउने क्रममा सम्बन्धित परिवार एवं आफन्तलाई सम्मानपूर्वक व्यवहार गरी उच्च स्तरिय सेवा प्रदान गर्ने ।

५. आफुले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने ।

६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रमा अरुलाई पनि सिकाउनुपर्ने ।

७. शवको सवारी चलाउने बाहेक अन्य काममा शववाहन प्रयोग गर्न नहुने ।

म............................(नाम) .......................................(ठेगाना) ना.प्र.नं. ............ जिल्ला ड्राईभिङ लाइसेन्स नं. ............ ले माथिको उल्लेखित आचारसंहिता अध्ययन गरेको छु । ...............जिल्ला ................संस्थाको शववाहन चलाउँदा मैले यो आचारसंहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

चालकको

दस्तखत :

मिति :

रोहबरमा प्रमाणित गर्ने व्यक्तिको

दस्तखत :

नाम थर :

पद :

मिति :

संस्थाको छाप :

**आज्ञाले,**

नाम : गोकुल ढुंगेल

प्रमुख प्रशासकीय अधिकृत